Laxmi Laghubitta Bittiya Sanstha Ltd.
लक्ष्मी लघुवित्त वित्तीय संस्था लि.
लक्ष्मी बैंक लि. को सहायक कम्पनी)
(नेपाल राष्ट्र बैंकबाट "घ" वर्ग (राष्ट्रीयस्तर) को इजाजत प्राप्त वित्तीय संस्था)

पं.सं. एलएक्सएलबि/कंस/२०७९/८०/2316

मिति :२०७९/११/०३

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड

सिंहदरवार प्लाजा, काठमाण्डौं

**विषय : वार्षिक साधारण सभा तथा बुक क्लोज सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस वित्तीय संस्थाको मिति २०७९/११/०२ गते दिउँसो ३:३० बजे बसेको सञ्चालक समितिको १५७औं बैठकले कम्पनीको एघारौ वार्षिक साधारण सभा र शेयर दाखिल खारेजको मिति तपशिल अनुसार गर्ने निर्णय गरेको ब्यहोरा जानकारीको लागि अनुरोध छ । साधारण सभा सम्बन्धी सूचना मिति २०७९ फाल्गुण ३ गतेको कारोवार राष्ट्रिय दैनिकमा समेत प्रकाशन गरिएको छ । साथै, नेपाल राष्ट्र बैंकबाट सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम निम्न अनुसारको लाभांश स्वीकृत भएको ब्यहोरा पनि जानकारीको लागि अनुरोध छ ।

**नगद लाभांश** : ५ प्रतिशतले हुन आउने रु.१,९२,०२,७००।- (अक्षरेपी एक करोड बयानब्बे लाख दुई हजार सात सय मात्र)
(बोनस शेयर तथा नगद लाभांशको कर समेत)

**बोनस शेयर** : १५ प्रतिशतले हुन आउने रु.५,७६,०८,१००।- (अक्षरेपी पाँच करोड छयहत्तर लाख आठ हजार एक सय मात्र)

**हालको चुक्ता पूँजी :** ३८ करोड ४० लाख ५४ हजार

**शेयर दाखिल खारेज** : २०७९/११/१७ गते बुधबार बन्द रहनेछ ।

**साधारण सभाको मिति/स्थान :** २०७९ फाल्गुण २९ गते सोमबार, अग्रवाल भवन, कमलपोखरी, काठमाण्डौं ।

*पुनश्च : नगद लाभांश तथा बोनस शेयर वितरण सम्बन्धी सञ्चालक समितिको निर्णयको जानकारी यस अगावै नै गराई सकिएको ब्यहोरा समेत अनुरोध छ ।*

**बोधार्थ:**

१. श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाण्डौं ।
२. श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
३. श्री सिडिएस एण्ड क्लियरिङ्ग लि.,पुतलीसडक, काठमाण्डौं ।
४. श्री लक्ष्मी क्यापिटल मार्केट लि. नयाँबानेश्वर,काठमाण्डौं ।

भवदिय,

Laxmi Laghubitta Bittiya Sanstha Limited
लक्ष्मी लघुवित्त वित्तीय संस्था लिमिटेड

.........................
(सुन्दर प्रसाद श्रेष्ठ)
कम्पनी सचिव

**संलग्न :** वार्षिक साधारण सभा सम्बन्धी प्रकाशित सूचना ।

केन्द्रीय कार्यालय, कपन मार्ग, महाराजगञ्ज काठमाण्डौ, नेपाल । फोन: ०१४३७३६८२ ,४३७३६०४ ईमेल: info@laxmilaghu.com.np
Central Office, Kapan Marg, Maharajgunj, Kathmandu, Nepal. Tel: 01-4373682, 4373604 email: info@laxmilaghu.com.np

**Laxmi Laghubitta Bittiya Sanstha Ltd.**

**लक्ष्मी लघुवित्त वित्तीय संस्था लि.**

**केन्द्रीय कार्यालयः**
कपन मार्ग, महाराजगंज, काठमाडौं । फोन नं.: ०१-४३७३६८२, ०१-४३७३६०४
इमेल: info@laxmilaghu.com.np, वेबसाइट: https://laxmilaghu.com.np

मिति २०७९ फाल्गुण ३ गते बुधवारको दिन कारोबार राष्ट्रिय दैनिकमा प्रकाशित

# एघारौ वार्षिक साधारण सभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०७९/११/०३

यस संस्थाको मिति २०७९/११/०२ मा सम्पन्न सञ्चालक समितिको १५७औं बैठकको निर्णय बमोजिम संस्थाको एघारौ वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**सभा हुने मिति, समय र स्थान**

**मिति : २०७९ फाल्गुण २९ गते सोमबार (तदनुसार १३ मार्च, २०२३)**

**समय : बिहान ११:०० बजे**

**स्थान : अग्रवाल भवन कमलपोखरी, काठमाण्डौं**

**छलफलका लागि प्रस्तावित विषयहरु :**

**क) सामान्य प्रस्ताव :**

१) एघारौ वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने।

२) लेखापरीक्षकको प्रतिवेदन सहित २०७९ असार मसान्तको वासलात तथा आ.व.२०७८/७९ को नाफा नोक्सान हिसाब, सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु छलफल गरी पारित गर्ने।

३) वित्तीय संस्थाको लेखापरीक्षण समितिबाट सिफारिस भए बमोजिम आ.व. २०७९/८० को लागि लेखापरीक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने (वर्तमान लेखापरिक्षक श्री पि.के.एफ.टि.आर उपाध्या एण्ड कम्पनी चार्टर्ड एकाउन्टेन्ट्स पूनः नियुक्तीका लागि योग्य रहेको)।

४) संस्थाको सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूँजीको ५ प्रतिशतको दरले रु.१,९२,०२,७००/- (अक्षरेपी एक करोड बयानब्बे लाख दुई हजार सात सय मात्र) बराबर नगद लाभांस (बोनस शेयर तथा नगद लाभांसमा लाग्ने कर प्रयोजनका लागि समेत) वितरण गर्ने ।

५) सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने २ जना सञ्चालकहरुको निर्वाचन गर्ने।

**ख) विशेष प्रस्ताव :**

१) संस्थाको सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम संस्थाको हालको चुक्ता पूँजीको १५ प्रतिशतका दरले रु.५,७६,०८,१००।- (अक्षरेपी पाँच करोड छ्यहत्तर लाख आठ हजार एक सय मात्र) बराबरको बोनस शेयर जारी गर्ने।

२) उल्लेखित बोनस शेयर जारी गर्नका लागि आवश्यक हद सम्म अधिकृत, जारी तथा चुक्ता पूँजी बृद्धि गर्ने।

३) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ बमोजिम यस वित्तीय संस्थामा रहेको लक्ष्मी बैंक लि. को संस्थापक शेयरलाई सर्वसाधारण शेयर समूहमा परिणत गर्ने।

४) बुँदा नं. (१), (२) र (३) सम्बन्धी प्रस्ताव कार्यान्वयनका लागि संस्थाको प्रवन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने सम्बन्धी प्रस्ताव र सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम प्रवन्धपत्र तथा नियमावलीमा अन्य संशोधन पारित गर्ने र प्रस्तावित संशोधनमा नियमनकारी निकायहरुवाट कुनै फेरवदल वा सुझाव आएमा आवश्यक संशोधन/समायोजन गर्न संस्थाको सञ्चालक समिति वा सञ्चालक समितिले तोकेको कुनै पदाधिकारीलाई अख्तियारी दिने।

५) लक्ष्मी लघुवित्त वित्तीय संस्थाले अन्य ईजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थालाई प्राप्ति (Acquisition) गर्ने सम्वन्धमा आवश्यक सम्पूर्ण प्रक्रिया पुरा गर्न सञ्चालक समितिलाई दिईएको अख्तियारीलाई निरन्तरता दिने।

**ग) विविध**

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

## एघारौ वार्षिक साधारण सभा सम्बन्धी सामान्य जानकारी :

(१) एघारौ वार्षिक साधारण सभा, बोनस शेयर तथा नगद लाभांश प्रयोजनको लागि संस्थाको शेयर दाखिल खारेजको काम २०७९ साल फाल्गुण १७ गते बुधबार बन्द रहनेछ। नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा मिति २०७९/११/१७ भन्दा अघिल्लो दिन सम्म कारोवार भई संस्थाको शेयरधनी कितावमा कायम शेयरधनीहरुले सो सभामा भाग लिन तथा बोनस शेयर र नगद लाभांश पाउन योग्य हुनेछन्।

(२) लेखापरीक्षकको प्रतिवेदन सहित संस्थाको वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन, कम्पनी ऐन, २०६३ को दफा ७८ बमोजिमको प्रतिवेदन समेतका कागजातहरु संस्थाको केन्द्रीय कार्यालय, महाराजगञ्ज काठमाडौंमा र शेयर रजिष्ट्रार श्री लक्ष्मी क्यापिटल मार्केट लिमिटेड, नयाँ बानेश्वर, काठमाडौंमा कार्यालय समय भित्र निरीक्षण गर्न तथा त्यसको प्रतिलिपि माग गरेमा प्रतिलिपि दिने व्यवस्था मिलाईएको छ। वार्षिक प्रतिवेदनको प्रति संस्थाको वेबसाइट https://laxmilaghu.com.np मा समेत उपलब्ध हुनेछ।

(३) सभामा भाग लिन र मतदान गर्नका लागि प्रतिनिधि (Proxy) नियुक्त गर्न चाहने शेयरधनीहरुले संस्थाको अर्को शेयरधनीलाई प्रतिनिधि नियुक्त गरी सो सम्बन्धी निवेदन सभा शुरु हुनु भन्दा ७२ घण्टा अगावै अर्थात २०७९/११/२६ गते बिहान ११ बजे भित्र श्री लक्ष्मी क्यापिटल मार्केट लिमिटेड नयाँ बानेश्वर, काठमाडौंमा दर्ता गराई सक्नु पर्नेछ। प्रतिनिधिपत्र (Proxy Form) प्रचलित कम्पनी कानूनले तोकेको ढांचामा हुनु पर्नेछ।

(४) सर्वसाधारण शेयरधनीको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने २ जना सञ्चालकहरुको निर्वाचन सम्बन्धी कार्यक्रम निर्वाचन अधिकृतले तोके बमोजिम यस संस्थाको केन्द्रीय कार्यालयको सूचना पाटीमा टांस गरिनेछ।

(५) कुनै संगठित संस्था वा कम्पनीको प्रतिनिधिले निज संस्थाको शेयरधनी नभए पनि शेयरधनीको हैसियतले सभामा भाग लिन सक्नेछ। यसरी प्रतिनिधि पठाउँदा सभा हुनु भन्दा कम्तीमा ७२ घण्टा अगावै संस्था वा शेयर रजिष्ट्रारलाई लिखित रुपमा जानकारी गराई सक्नुपर्नेछ।

(६) एक जना शेयरधनीले एक भन्दा बढीलाई प्रतिनिधि (Proxy) मुकरर गरेमा प्रतिनिधि (Proxy) स्वतः बदर हुनेछ। तर प्रतिनिधि (Proxy) दिने शेयरधनीले आफूले अघि दिएको प्रतिनिधि (Proxy) बदर गरेको व्यहोरा स्पष्ट उल्लेख गरी छुट्टै निवेदन दिई अर्को शेयरधनीलाई प्रतिनिधि (Proxy) नियुक्त गरेमा त्यसरी नियुक्त प्रतिनिधि (Proxy) ले सभामा भाग लिन पाउने छ, यस्तो अवस्थामा अघिल्लो प्रतिनिधि (Proxy) स्वतः बदर भएको मानिनेछ।

(७) प्रतिनिधी मुकरर गर्दा केही शेयर आफैसंग बाँकी राखी आफु समेत साधारण सभामा उपस्थित हुन पाउने किसिमले आंशिक शेयरको प्रतिनिधि मुकरर गर्न पाइने छैन। सबै शेयरका लागि एकै व्यक्तिलाई प्रतिनिधि मुकरर गर्नु पर्दछ। प्रतिनिधि मुकरर गर्ने शेयरधनी स्वयं सभामा उपस्थित भएमा प्रोक्सी स्वतः बदर हुनेछ।

(८) एक भन्दा बढी ब्यक्तिहरुको संयुक्त नाममा शेयर दर्ता भएको अवस्थामा सर्वसम्मतबाट चयन भएको एक जना प्रतिनिधिले मात्र वा लगत कितावमा पहिलो नाम उल्लेख भएको ब्यक्तिले सभामा भाग लिन पाउनेछ।

(९) सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावले सभा हुने स्थानमा शेयर प्रमाणपत्र वा शेयरधनी नं. र परिचय खुल्ने कागजात वा वित्तीय संस्थाको शेयर अभौतिकरण गरेको देखिने अभौतिकरण खाताको विवरण सहित उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्नेछ। हाजिरी पुस्तिका बिहान ९:०० बजेदेखि सभा चालु रहेसम्म खुल्ला रहनेछ।

(१०) साधारण सभा सम्बन्धी विस्तृत विवरण संस्थाको बेवसाइट https://laxmilaghu.com.np मा उपलब्ध छ।